# श्री हरिहर संस्कृत तथा साधारण माध्यमिक विद्यालय

पाणिनि-२, पोखराथोक अर्घाखाँची

# शिक्षक आवश्यकता सम्बन्धी सूचना !

**विज्ञापन नं.- २/२०७९/०८०** **मिति : २०८०।०१।१५**

शिक्षा विकास तथा समन्वय इकाइ अर्घाखाचीको च.नं. ५८० र मिति २०८०।०१।१० को अनुमति पत्रानुसार नि.मा.तह तृतीय श्रेणी दरवन्दीमा संस्कृत विषय अस्थायी करार कोटामा नियुक्ति गरी पदपूर्ति गर्नु पर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट मिति २०८०।०१।१५ गते देखि लागु हुने गरी १५ दिन भित्र दरखास्त आह्वान् गरिन्छ । रीत नपुगी र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१. **पदसंख्या :** १ (एक)

(क) पद : शिक्षक

(ख) विषय :संस्कृत

(ग) तह : नि.मा.तृतीय

२. **आवश्यक न्यूनतम योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट संस्कृत विषयमा प्रविणता प्रमाण पत्र /उत्तर मध्यमा वा सो सरह उत्तीर्ण गरेको हुनु पर्ने छ ।

३. **उमेर :** १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको ।

४. **दरखास्त दस्तुर :** रु. १५००

५. **दरखास्त आइपुग्नु पर्ने अन्तिम मिति : २०८०।०१।२९** गते (कार्यालय समय भित्र) ।

६. **परीक्षाको किसिम :** लिखित र अन्तर्वार्ता आवश्यकता परेमा प्रयोगात्मक समेत हुनेछ ।

७. **तलव स्केल :** प्रचलित नियमानुसार

८. **सम्पर्क मिति :** २०८०।०१।३० गते (कार्यालय समय भित्र) ।

९. लिखित परीक्षा सम्पर्क मितिमा तोकिने छ ।

१०. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(ख) शैक्षिक योग्यताका सम्पूर्ण प्रमाणपत्रका प्रतिलिपिहरु ।

(ग) अनुभव भएमा अनुभव प्रमाण पत्रका प्रतिलिपिहरु ।

(घ) अध्यापन अनुमति प्रमाण पत्रको प्रतिलिपि ।

पुनश्च : अनुभवि र माथिल्लो योग्यता भएका उमेदवारलाई विशेष ग्राहयता दिइने छ ।

**थप जानकारीको लागि सम्पर्क नम्बरहरु :**

०७७-६९०४५४,९८६७३१००४५, ९८५७०६३४०८

(विष्णुप्रसाद पोखरेल)

*Head Teacher*